विष्णुपुर गाउँपालिका

विष्णुपुर, सप्तरी मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०८२/०७/३०

## भाग -२

विष्णुपुर गाउँ कार्यपालिकाबाट पारित

मिति : २०८२/०७/३०

# बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८२

# विष्णुपुर गाउँपालिका, सप्तरी

# बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८२

## बिष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिष्णुपुर, सप्तरी
### मधेश प्रदेश, नेपाल

कार्यपालिकाको मिति २०८२/०७/३० गतेमा बसेको बैठकबाट स्वीकृत ।

## बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०८२

बिष्णुपुर गाउँपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बालविवाह मुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) (१) र बिष्णुपुर गाऊँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा (४) बमोजिम दिएको अधिकार प्रयोग गरी बिष्णुपुर गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस निर्देशिकाको नाम "बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८२" रहेकोछ ।

२. यो निर्देशिका बिष्णुपुर गाउँपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बिष्णुपुर गाउँपालिकाको गाँउकार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले बिष्णुपुर गाँउपालिकाको "अध्यक्ष"सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले बिष्णुपुर गाउँपालिकाको "उपाध्यक्ष" सम्झनु पर्छ ।

(च) "कार्यपालिका सदस्य' भन्नाले बिष्णुपुर गाउँपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(छ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बिष्णुपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुन सक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले यस बिष्णुपुर गाउँपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने सबै विवाहलाई सम्झनु पर्छ।

(ट) "वडा अध्यक्ष" भन्नाले बिष्णुपुर गाउँपालिका अन्तरगतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ठ) "वडा सदस्य" भन्नाले बिष्णुपुर गाउँपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ड) “सामाजिक संस्था” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ।

(ढ) “निजी संस्था” भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ।

## परिच्छेद - २

### बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा गर्दा अपनाइने प्रक्रिया

१.गाउँपालिका तहमा विभिन्न उमेर, लिंग, जातजाति, वर्ग र समुदायका बालबालिका, किशोर, किशोरी, युवा, शिक्षक, स्वास्थ्यकर्मी, वडा बालअधिकार समिति, समाजसेवी, धार्मिक अगुवा, प्रहरी, अभिभावक सँग बाल विवाहका विद्यमान कारणहरु र सोको समाधानका उपायहरुको बारेमा छलफल गरी गाउँपालिका स्तरीय बहुक्षेत्रीय बालविवाह अन्त्य सम्बन्धी रणनीतिक योजना निर्माण गर्ने।

२. वडा तथा गाउँपालिकाको वार्षिक रुपमा जम्मा विवाहको अवस्था र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन गर्ने।

३.बालविवाहको तथ्यांकको आधारमा बालविवाह बढी हुने वस्ती, टोल, समुदाय तथा वडाहरुमा केन्द्रित कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने।

४. गाँउपालिका तथा वडास्तरमा बालविवाह मुक्त घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने।

५.बालविवाह विरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवं क्रियाकलाप सञ्चालन गर्ने।

६. वडास्तरीय/गाउँपालिका सरोकारवालाहरु बीचको वैठकमा बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा गर्न आधारभूत सूचक माथि छलफल गर्ने।

७. गाउँपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटमा रही वडास्तरीय तथा गाउँपालिका बालअधिकार समिति मार्फत बालविवाह मुक्त वडा र गाउँपालिकाको लागि रणनीतिक योजना अन्तर्गत वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न वस्ती, टोल, विद्यालय तथा समुदाय स्तरमा तालिम, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अन्तरक्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने।

८. गाउँपालिका तथा वडा बाल अधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लव, युवा क्लब, विद्यालय, स्थानीय धामी झाँक्री समुह, महिला समुह, निगरानी समुह, आमा समुह, धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दल मार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने।

९. गाउँपालिका स्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बालक्लव वा बाल क्लब संजाल, किशोरी क्लव, धार्मिक गुरु, धामीझाँक्री, मोलबी समुह, महिला सञ्जाल लगायतका सरोकारवालाहरु बीच सार्वजनिक संवाद एवम् सुनुवाई कार्यक्रम सञ्चालन गर्ने।

१०.हरेक विद्यालय स्तरमा किशोर, किशोरीहरुलाई केन्द्रित गरी वृहत यौनिक शिक्षाका कक्षा एवम् शर्तहरु सञ्चालन गर्ने।

११. विभिन्न महामारी तथा विपद्को अवस्थालाई मध्यनजर गरी स्थानीय रेडियो, माइक, पत्रपत्रिका एवम् अन्य श्रव्यदृष्य सामाग्रीहरु मार्फत बालविवाह सम्बन्धी सचेतना मूलक अभियान सञ्चालन गर्ने ।

१२.गाउँपालिकालाई बालविवाह मुक्त घोषणाका लागि स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बालविवाह मुक्त घोषणाका लागि वडास्तरीय बालअधिकार समितिको निर्णय अनुसार स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णयानुसार बालविवाह मुक्त वडा/स्थानीय तह घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

१३.बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाइन मिडिया र पत्रिकाहरु सँगको समन्वय, सहयोग तथा साझेदारीमा प्रचार प्रसार गर्ने ।

१४.स्थानीय धार्मिक गुरु, वाद्यवादक, धामीझाँक्री, पुरोहित तथा ज्योतिषहरु मार्फत आजको दिन देखि २० वर्षभन्दा मुनिका व्यक्तिहरुको विवाहको लगन नजुराउने साथै विवाह नगराउने प्रतिबद्धता गराउने ।

१५. गाउँपालिकाले स्थानीय प्रहरी सँग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१६.बालविवाह मुक्त वडा र गाउँपालिकालाई घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक र बाजागाजाहरु तथा अन्य सचेतनामूलक विभिन्न कला प्रस्तुतिहरुको तयारी गराउने ।

१७. बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाह मुक्त वडा /स्थानीय तहमा सहयोग पुऱ्याउने व्यक्ति, संघ/संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१८. बालविवाह मुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले तथा गाउँपालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिले नेतृत्व गर्ने ।

१९. बालविवाह मुक्त वडा घोषणा भएपछि सर्वपक्षीय छलफलवाट वडा बाल अधिकार समितिले बालविवाह मुक्त वडा घोषणाका सूचकहरुमा प्रगति कायम राख्न एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

२०. वडास्तर तथा गाउँपालिकामा सञ्चालन भएका विभिन्न बालविवाह मुक्त अभियानहरुको प्रभावकारिता बारेमा आवश्यक अध्ययन, अनुसन्धान गरी असल सिकाईहरुको प्रचार प्रसार गर्ने ।

## परिच्छेद - ३

### वडा /गाउँपालिकालाई बालविवाह मुक्त घोषणाका सूचकहरु

वडा र गाउँपालिकाहरुलाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्नका लागि देहाय अनुसारका सूचकमा ९० प्रतिशत भन्दा बढी अंक हासिल गरेको हुनु पर्ने छ । बालविवाह मुक्त क्षेत्र घोषणा गर्नु अघि सम्बन्धित वडा र गाउँपालिकाले सूचक प्राप्तिको सुनिश्चिताको लागि मूल्यांकनको प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।

१. वडा र गाउँपालिकामा विवाहका घटनाहरुको तथ्यांङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।

२.गाउँपालिकामा बाल संरक्षण संयन्त्र बनेको, बाल अधिकार समिति गठन सम्बन्धी कार्यविधि बनेको, बालविवाह अन्त्य सम्बन्धी रणनीतिक योजना तथा बाल संरक्षण नीति बनेको, बाल कल्याण अधिकारी तोकेको हुनु पर्ने ।

३. सबै बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।

४. गाउँपालिकाले बाल संरक्षण नीति बनाई लागू गरेको हुनु पर्ने ।

५. वडास्तरीय र गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन भई क्रियाशील भएको हुनु पर्ने ।

६.गाँउपालिका स्तरमा भएका समुदायमा आधारित संस्था/समिति/निगरानी समुहहरु बालविवाह विरुद्ध सक्रिय एवम् क्रियाशील भएको हुनु पर्ने ।

७. बालविवाहका घटनाहरुको उजुरी तथा सम्बोधन संयन्त्र वडा तथा गाउँपालिका स्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

८. धामीझाँक्री, वाद्यवादक तथा पुरोहित आदिले बालविवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।

९. बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।

१०.घरदैलो अभियान मार्फत वस्ती तथा वडाका सबै बालबालिका, किशोर, किशोरी र अभिभावकहरुलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने र कदाचित भएमा कानूनी प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गराएको हुनु पर्ने ।

११.बालबालिका आफैँले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफ्नै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।

१२. बालविवाह मुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्यांक अनुसार जम्मा विवाह मध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सो भन्दा बढी पुगेको हुनु पर्ने वा बालविवाह मुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।

१३. गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्नकालागि ९० प्रतिशत वडाहरु बालविवाह मुक्त वडा घोषणा भएको हुनु पर्ने ।

१४. वडा तथा गाउँपालिकामा अनिवार्य विवाह दर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४

## सरोकारवालाहरुको भूमिका

१. जन्मदर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।

२. बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सरोकारवालाहरु प्रतिबद्ध भई सहयोग गर्ने ।

३. विद्यालय, समुदाय एवम् सम्पूर्ण सार्वजनिक स्थलमा बालसंरक्षण सम्बन्धी संयन्त्र मार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।

४.बालविवाह विरुद्धको अभियानमा सबै पक्षले वडा बाल अधिकार स्थानीय बालअधिकार समिति तथासमितिसँग आवश्यक सहयोग र सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।

५. सबै सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुले आ आफ्नो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप समावेश गरी सञ्चालन गर्ने ।

६. बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमन पछि प्रतिवेदन तयार गरी बाल अधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।

७. गाउँ बालअधिकार समितिको अगुवाइमा बालविवाह सम्बन्धी गाउँपालिका स्तरीय रणनैतिक योजना निर्माण गरी लागू गर्ने ।

८. बालविवाह मुक्त वडा र गाउँपालिका घोषणा पश्चात पनि समूदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५

### बालविवाह मुक्त वडा तथा गाउँपालिका घोषणाको दिगोपना

१. बालविवाह मुक्त वडा तथा गाउँपालिका घोषणा पश्चात वडा तथा गाउँपालिका स्तरीय बाल अधिकार समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिकाहरु सहितको उपस्थितिमा वार्षिक कार्ययोजना निर्माण गरिएको हुनुपर्ने ।

२. बालविवाह मुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका लागि वडा कार्यालय तथा गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने ।

३. प्रत्येक बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरी कार्यक्रम सञ्चालनमा ल्याएको हुनुपर्ने ।

४.बालविवाहका घटनाको उजुरी र घटनाको सम्बोधन संयन्त्र वडा तथा गाउँपालिका स्तरमा प्रभावकारी रुपमा सञ्चालनमा आएको हुनुपर्ने ।

५. वडास्तर तथा गाउँपालिकमा अर्धवार्षिक रुपमा बालविवाहको अवस्थाका बारेमा सरोकारवालाहरु सँग छलफल एवम् समीक्षा हुनुपर्ने ।

६) बालबिवाह मुक्त वडा तथा पालिका घोषणा भएपछि सर्वपक्षीय छलफलबाट बालबिवाह मुक्त क्षेत्र घोषणाका सूचकहरुमा प्रगति कायम राख्न पालिका तथा वडामा देहायअनुसारको एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

**क) गाउँपालिका स्तरीय अनुगमन समिति**

१. संयोजक– उपाध्यक्ष, वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य बिष्णुपुर गाउँपालिका ।
२. सदस्य – कार्यपालिका सदस्यहरु २ जना ।
३. सदस्य – प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा ।
४. सदस्य – प्रमुख, शिक्षा शाखा ।
५. सदस्य – प्रमुख, स्वास्थ्य शाखा ।
६. सदस्य – प्र.अ., ले तोकेको सामुदायिक विद्यालय मध्येबाट -१ ज्ना ।
७. सदस्य – अध्यक्ष, उपाध्यक्षले तोकेको विद्यालय व्यवस्थापन समितिबाट- १ जना ।
८. सदस्य – प्रतिनिधि, स्थानीय प्रहरी इकाइ १ जना ।
९. सदस्य – संयोजक, नगर बालक्लब सञ्जाल २ जना (एक जना बालिका सहित) ।

१०. सदस्य – समितिले मनोनयन गरेका बाल अधिकारकर्मी २ जना ।
११. सदस्य – स्थानीय गैसस प्रतिनिधि १ जना ।
१२. सदस्य – संयोजकद्वारा मनोनित १ जना (कानून व्यवसायी) ।
१३. सदस्य–सचिव – प्रमुख प्रशासकीय अधिकृत ।

**ख) वडास्तरीय अनुगमन समिति**

१. संयोजक – वडाअध्यक्ष वा निजले तोकेको प्रतिनिधि ।
२. सदस्य – २ जना वडा सदस्यहरु -एक जना महिला सदस्य) ।
३. सदस्य – प्रहरी प्रतिनिधि ।
४. सदस्य – स्वास्थ्य प्रतिनिधि ।
५. सदस्य – वडा अध्यक्षले तोकेको प्र.अ./शिक्षक १ जना ।
६. सदस्य – वडा अध्यक्षले तोकेको वि.व्य.स. अध्यक्ष वा प्रतिनिधि १ जना ।
७. सदस्य – सचिव – वडा सचिव ।

पालिका र वडास्तरीय अनुगमन समिति आफैले कार्यविधि निर्धारण गरी कार्य गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

१. **यस निर्देशिकामाः-** यस कार्याविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्य कुराको हकमा प्रचालित कानून बमोजिम हुने छ ।

२.**बाधा अडकाउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ फुकाउनु परेमा व्याख्या गर्ने अधिकार बिष्णुपुर गाउँपालिका गाउँ कार्यपालिकालाई हुनेछ ।

३.**संशोधनः** यस निर्देशिकामा आवश्यकता अनुसार बिष्णुपुर गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।